## महान्यायाधिवक्ताको कार्यालयबाट जारी

## प्रेस विज्ञप्ती

ललितपुर जिल्ला अदालतमा विचाराधिन रहेको नाम परिवर्तित ०७८/०७९ सातदोबाटो (९७) को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुशील चटौत भएको पीडित ०७८/०७९ सातदोबाटो (९८) लाई जबरजस्ती करणी गरेको मुद्दामा अनुसन्धान र अभियोजनका काममा महान्यायाधिवक्ताको कार्यालयबाट दबाव दिइएको र मुद्दा कमजोर बनाएर दायर गर्न भनिएको भनी विभिन्न संचार माध्यममा आएका समाचारहरु र प्रतिनिधि सभाको मिति २०७९/०३/०३ को वैठकमा माननीय सांसदबाट यसै विषयमा व्यक्त भएको बिचार तथा विभिन्न संघ संस्थाहरुबाट जारी भएका विज्ञप्तिप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरु अपराध पीडितको न्यायको लागि र प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन गरी अभियुक्तलाई सजाय दिलाउने कार्यमा प्रतिबद्ध रही कार्य गर्दै आएको हुँदा महान्यायाधिवक्ताको कार्यालयबाट कुनैपनि मुद्दामा कमजोर अभियोजन गर्न वा वहस पैरवी गर्न निर्देश गर्ने भन्ने कुरा हुदैन। बालबालिका विरुद्ध हुने यौनजन्य कसूरका सम्बन्धमा शुन्य सहनसिलता अवलम्बन गर्दै प्रभावकारी अनुसन्धान र अभियोजन मार्फत पीडितको न्याय सुनिश्चित गर्ने कार्यमा प्रतिबद्ध रही यस कार्यालयले प्रयास केन्द्रीत गर्दै आएको छ।

उक्त मुद्दाको तथ्यगत अवस्था हेर्दा पीडित सिविस संस्थाको संरक्षणमा रहेको अवस्थामा सोही संस्थाबाट प्रहरीमा जाहेरी परी जाहेरवालाको रोहवरमा पीडितको घटना विवरण कागज भएको देखिन्छ। अनुसन्धानको कार्य सम्पन्न भई प्रहरीबाट प्राप्त मिसिल जिल्ला सरकारी वकील कार्यालय ललितपूरका सहायक जिल्ला न्यायाधिवक्ता संगीता थोकरबाट प्रतिवादी उपर मुलुकी अपराध संहिता २०७४ को दफा २१९ को (३) (ख) बमोजिम १४ वर्ष भन्दा कम उमेरकी पीडितलाई जबरजस्ती करणी गरेको कसूरमा चौध बर्ष देखि सोह्र बर्ष सम्म कैद सजाय, ऐ. को दफा २२२ (२) बमोजिम ३ बर्ष थप कैद सजाय र दफा २१९ को (३) (क) बमोजिम पीडितले मनासिव क्षतिपूर्ति पाउने समेतको अभियोग मागदाबी गरी ललितपुर जिल्ला अदालतमा मुद्दा दायर भएको देखिन्छ। मिति २०७९।१।११ मा अभियोग पत्र दायर भएको प्रस्तुत मुद्दामा हाल अभियोजन कमजोर बनाउन दबाव दिएको भन्ने विषय उठाईएको छ। उक्त अदालतको मिति २०७९/०१/१३ को थुनछेक आदेशले प्रतिवादी मुद्दा पूर्पक्षका लागि थुनामा रहेका छन्। उक्त अदालतको आदेशानुसार मिति २०७९।२।११ को जिल्ला सरकारी

वकील कार्यालय, ललितपूरको पत्रसाथ पीडित, जाहेरवालालाई बकपत्रका लागि उपस्थित गराईएकोमा जाहेरवालाको सोही दिन बकपत्र सम्पन्न भएको र पीडितको मिति २०७९।२।१७ मा बकपत्र सम्पन्न भै अदालतमा बिचाराधिन रहेको छ। यसरी अदालती प्रक्रियामा बिचाराधिन रहेको प्रस्तुत मुद्दाका विषयमा कसैले पनि अनावश्यक टिप्पणी वा कुरा गर्नु उपयुक्त पनि हुंदैन। अभियोजनकर्ताबाट समेत यस्तो विषयमा संचार माध्यममा बोल्ने, समाचार दिने लगायतका कार्य गर्न र अन्य सरकारी वकीलका बारेमा टिप्पणी गर्न अभियोजनकर्ताको आचारसंहिता लगायतका व्यवस्थाले समेत सुहाउने कुरा हुंदैन।

यस मुद्दाका विषयमा देखिएको तथ्यगत अवस्था र सम्बन्धित सरकारी वकील तथा महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलको संलग्नता लगायत उठेका अन्य विषयमा सम्बन्धित मिसिल कागज अध्ययन गरी सम्बन्धित सरकारी वकील तथा आवश्यक देखिएका अन्य व्यक्तिसँग बुझि विस्तृत छानबिन गरी सत्य तथ्य र सुझाव सहितको प्रतिबेदन पेश गर्न उच्च सरकारी वकील कार्यालय, पाटनका सहन्यायाधिवक्ताको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न जिम्मेवारी दिईएको छ। सो समितिले छानबिन गरी पेश गर्ने प्रतिबेदनका आधारमा यस सम्बन्धमा दोषी देखिएका व्यक्तिहरुलाई कानून बमोजिम कारबाही गरिने छ। साथै अदालतमा विचाराधिन रहेको प्रस्तुत मुद्दाका विषयमा अनुसन्धान अभियोजनका सिलसिलामा दबाव प्रभावमा पारिएको भनी अपुष्ट भनाईका आधारमा विज्ञप्ती तथा समाचार सम्प्रेषण नगरी दिन हुन सम्बन्धित सबैमा महान्यायाधिवक्ताको कार्यालय हार्दिक अनुरोध गर्दछ।

मितिः २०७९।३।५

(संजीवराज रेग्मी )

प्रवक्ता